1122)638

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ५१०/२०७२/०७३

निर्णय नं. ७३४

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ....................................२ पुनरावेदक

**विरूद्ध**

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), पाखिबास नगरपालिका कार्यालय, धनकुटा .............१ विपक्षी

सूचना अधिकारी, पाखिबास नगरपालिका कार्यालय, धनकुटा ....................................१

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले पाखिबास नगरपालिका कार्यालय, धनकुटा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । तत् पश्चात् यस आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम पाखिबास नगरपालिका कार्यालय, धनकुटालाई मिति २०७२।०७।२९, च.न ५२५ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । यस सम्बन्धमा उक्त नगरपालिकाको मिति २०७२।०९।१२, च.नं.१०८०, प.सं. २०७२/०७३ को पत्रबाट पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई पठाई सकिएको भन्ने जानकारी आयोगमा प्राप्त भएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल चैत्र ११ गते रोज ५ शुभम् ।